# नेचासल्यान गाउँपालिका सोलुखुम्बुको
# आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम

गाउँसभा

स्विकृत मिति :२०८३ असार २९ गते

## नेचासल्यान गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

नेचाबेतघारी, सोलुखुम्बु

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

**नेचासल्यान गाउँपालिकाको १९ औं गाउँसभाका सभाअध्यक्ष यस गाउँपालिकाका अध्यक्षज्यू**

**सभाका सचिव यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू,वडाध्यक्ष्यज्यूहरु तथा गाउँसभा सदस्यज्यूहरु, प्रशासन शाखा प्रमुख तथा सबै राष्ट्रसेवक कर्मचारीज्यूहरु**

नेचासल्यान गाउँपालिकाको यस गरिमामय सभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले गाउँपालिकाबासीबाट प्राप्त जनमतको उच्च सम्मान गर्दै आर्थिक बर्ष२०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

यस अवसरमा सर्वप्रथम, देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, जेन्जी आन्दोल अन्य मुलुकको सर्वाङ्गीण विकास र समृद्धिका लागि पटक पटकको ऐतिहासिक जनआन्दोलनमा सहभागी हुँदै,त्याग, संघर्ष र जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते सबैलाई शिघ्र स्वस्थ्य लाभको कामना गर्दछु।

नेचासल्यान गाउँपालिका, गाउँवासीको आशा र भरोसाको केन्द्रविन्दु हो। स्थानीय सरकार गाउँवासीको घरदैलोको सरकार हो। यो गाउँपालिका घरदैलोको सरकारको प्रत्यक्ष अनुभूति दिलाउन सीमित स्रोत साधन र क्षमताको अधिकतम प्रयोग गरी पालिकाबासीमा प्रत्यक्ष परिवर्तनको अनुभूति गराउन प्रयत्नशील रहेको छ । यहाँका नागरिकले मतको माध्यमबाट हामीलाई प्रदान गर्नु भएको विकास र परिवर्तनको जिम्मेवारी,नागरिक प्रतिको उतरदायी,सुशासनको प्रत्यभुतीको भुमीमा हामी छौं। गाउँसभा सदस्य तथा राष्ट्रसेवक कर्मचारीज्यूहरु हामीले संविधानमा व्यवस्था भएको र कानुन, विधी र प्रक्रियालाई टेकेर पालीकाबासीको सेवामा तत्पर छौं साथै हामी जनजप्रतिनिधी आफ्नो कार्यकालको अन्तिम समयमा पनी अत्यन्तै जिम्मेवार भएर नागरीकको समस्याको समाधानमा लागी पर्नु पर्ने र सेवामा अहोरात्रा खट्नु पर्ने आजको आवश्यकता भन्ने कुरा राख्न चाहान्छु।

यस अवधीमा गाउँपालिकाको सुशासन, विकास र सेवा प्रवाहमा सहयोग पुर्याउने संघ तथा प्रदेश सरकार, राष्ट्रसेवक कर्मचारी, सम्पुर्ण गाउँबासी एवम् सरोकारवाला निकायलाई नेचासल्यान गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ ।

**अब म यस गरिमामय सभामा चालु आर्थिक वर्ष २०८३।२०८४को उपलब्धि सारसंक्षेपमा प्रस्तुत गर्दछु ।**

१. गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न भए पछि सुशासन सहितको सेवा प्रवाह भइरहेको छ । प्रशासनिक भवनबाट यहाँका नागरिकले सजिलो हिसाबले सेवा प्राप्त गरिरहेका छन् ।
२.प्रशासनीक भवन अन्तर्गत वडा नम्बर १ र ५ को वडा भवन निर्माण सम्पन्न गरि औपचारिकता प्रदान गरिए सगै वडाबासीले आफ्नै प्रशासनीक भवनबाट सेवा प्राप्त गरिरहेका छन् ।
३.पर्यटन प्रबर्द्धन आन्तरिक आय बढवा गर्नका लागि गौरीटापमा जीपलाइनको प्याकेज,योग ध्यान हल,निर्माण सम्पन्न भएको छ भने सञ्चालनको लागि ठेक्का प्रणालीमा लाने प्रक्रिया अघि बढाइएको छ। त्यस्तै आहालेमा भगवान गौतम बुद्धको मुर्ती स्थापनको काम सम्पन्न भएको र हाल त्यसै क्षेत्रमा द पार्टनर्स नेपाल संगको सहकार्यमा कृतिम पानी पोखरी निर्माणको अन्तिम चरणमा रहेको छ। नेचासल्यान ४ फुर्के स्थित जम्दीपार्क क्षेत्रलाई व्यस्थित गर्ने काम भइरहेका छन् ।
४. वडा नम्बर १ को सिमखर्कको कुसुम थुदेन गुम्बा र वडा नम्बर ५ को चोमोलुङ्गमा छोलिङ्ग गुम्बा निर्माणको चरणमा रहेका छन् । साथै लेल्बुमा गुम्बा निर्माणको लागि डिपिआरको काम भइरहेको छ।

५.वडा नम्बर २ को सामुदायीक भवन, थुलुङ सास्कृतिक संग्राहालय निर्माणको अन्तिम चरणमा रहेको छ भने प्राथमिक स्वास्थ्य केन्द्रको भौतिक तथा प्रविधिको व्यवस्थापन गरिएको छ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

६.नेचासल्यान गाउँपालिकाको करिब ७८ लाखको लगानीमा नेचासल्यान १ जिम्बीर मुहान भएको पिउने पानी नेचासल्यान ५को गैरी,केशरी,धर्जने,फलाटे,मानेडाँडा पिपिरि खरिडाँडा क्षेत्रका करिब १ सय ३० घरधुरीलाई व्यवस्थापन गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

७.नेचासल्यान ३मा संघीय सरकारको लगानीमा निर्माण प्रारम्भ भएको सगरमाथा बहुप्राविधिक शिक्षालयको निर्माण सम्पन्नको लागि सहजीकरण भइरहेको । गणेशमान सिह स्मृति भवन,जमरकटेल प्रतिस्ठानको संम्रचणको काम निरन्तर भइरहेको छ।
८.नेचासल्यान ४ को फुर्केमा २५ रोपनी भन्दा बढी व्यवस्थापन गरिएको जग्गामा खेल मैदान निर्माणको काम द्रुत गतिमा भइरहेको छ। थुलुङ सामा भवन निर्माणको अन्तिम चरणको तयारी भइरहेको छ।
९. मातृ शिशु स्याहार कार्यक्रम मार्फत बालमृत्युदर र मातृमृत्युदरलाई न्युनीकरण गरिएको छ । घरमा शुन्य सुत्केरी अभियानलाई सार्थक बनाउन गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।
१०. स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरुसँगको समन्वयमा प्राथमिक स्वास्थ्य केन्द्र, नेचा अस्पताल र अन्य स्वास्थ्य संस्थामा र अन्य स्थानमा विशेषज्ञ सेवा सहित समय समयमा स्वास्थ्य शिविर सञ्चालन गरी धेरै महिला तथा जेष्ठ नागरिक र विरामीहरु लाभान्वित भएका छन। भने जेष्ठ नागरीकलाई ३/३ महिनामा घरमै चेकजाँच उपचार नियमीत गरिएको छ।
११.लैंगिक विभेद न्यूनीकरण र आर्थिक बचत सचेतनाका लागि बालिका बचत खाता मार्फत बालिकाहरु लाभान्वित भएका छन् ।
१२.स्वच्छ, सुरक्षित पिउने पानी वितरणको लागि एक घर एक धारा, मुहान संरक्षण,मिनी लिफ्टिङ परियोजना सञ्चालन गरिएको छ ।
१३.अनलाईन माध्यमबाट सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
१४.विकास आयोजना कार्यान्वयनमा सम्बन्धित उपभोक्ता समिति तथा सामुदायिक क्षेत्रको लागत साझेदारीलाई कार्यान्वयन गर्दै आएका छौं ।
१५.सबै वडामा कृषि र पशु प्राविधिक ब्यवस्थापनलाई निरन्तरता दिइएको छ ,कृषि उपज तथा पशुधन निर्यात गर्न कृषि एम्बुलेन्स सेवालाई निरन्तरता दिएको छ। जसले स्थानीय उत्पादनको बजारीकरणा सहजता भएको छ भने आर्थिक
१६. ५ वटै वडामा एकल महिलाहरुको समूह गठन गरिएको र सो समूह मार्फत् उनीहरुको जीविकोपार्जनमा सहज हुने कार्यक्रम सञ्चालनमा जोड दिने गरिएकोछ ।
१७.प्राथमिक स्वस्थ्य केन्द्र सल्यान र नेचा क्षेत्रबाट सञ्चालिन दुइवटै एम्बलेन्सले विरामीलाई सेवा प्रदान गरेको छ।
१८ पालिकाको जेसीवि र ट्याक्टरलाई अधिकांश सडकको काममा प्रयोग गरि न्युन इन्धन लागतमा पालिका भित्रका सडकलाई बाह्रै महिना सञ्चालन गरिएको ।

**पूर्वाधार विकास तर्फ भवन,**

- नेचासल्यान गाउँपालिकाको दिगो विकासका लागि भौतिक पुर्वाधार र सडकमा प्राथमिकताका साथ लागनी गरिरहेको पालिकाले यो बर्ष पनि निरन्तरता दिने छ ।
- लागत अनुमान धेरै भएका ठूला विकास आयोजनाहरु संघ एवं प्रदेश सरकारसँग माग गर्ने र संघ र प्रदेशबाट विनियोजित योजनाहरु कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ भने पालिकालाई कार्यक्षेत्र बनाई दर्ता भएका संघ सस्थाले न्युनतम २ रोपनी जग्गा, कार्यक्षेत्रको प्रकृति हेरी सदस्य संख्या, संस्था सञ्चालनको निश्चित आर्थिक श्रोत र उद्देश्यको किटान हेरेर मात्रै स्थानीय सरकारले लगानी गरिने छ । त्यस्ता संस्थाले निर्माण गर्ने भवनहरुमा उपभोक्ताहरुको न्युनतम ३० प्रतिशत लागत साझेदारीको अनिवार्य सुनिश्चितता गर्नु पर्ने कार्यलाई पुर्णता पालना गरिने छ।
- निर्माणाधीन अवस्थामा रहेका भवनहरुलाई पूर्णता दिई सञ्चालनका लागि न्युनतम आवश्यकता अनुरुप बजेटको व्यवस्था गरिने छ भने सञ्चालनका लागि समुदाय स्तरबाट तदारुक्ता दिनु पर्ने छ ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- कुसुम थुदेन गुम्बा सिमखर्क, चोमोलुङमा छोलिङ गुम्बा,बाहिङ मुलीखीम,थुलुङ सास्कृतिक संग्राहालय,थुलुङ सामा,जमरकटेल प्रतिष्ठान, राधा कृष्ण मन्दिर छेउ भवनको बाकी कामलाई पुर्णता दिइने छ ।
- बुधबारे र विहिबारे बजारलाई व्यवस्थित रुपमा विकसीत गर्न पुर्वाधार निर्माणको काम करिब सकिएकाले अब वजार व्यवस्थापन समिती,उपभोक्ता तथा समुदायसबैलाई एकताबद्ध गर्दै लगिने छ।
- स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेको सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण गर्दै लगिने छ।

**सडक र यातायात**

- नेचासल्यानको मुख्य सडक गैरी बिहीबारे तुइन्टार र तिङला बुधबारे हुँदै नेचासल्यान सम्मको सडक स्थानीय र प्रदेश सरकारको विशेष लगानी गरि दिगो सञ्चालन गरिने छ,प्राथमिकता निर्धारण भएका सडकको क्षेत्र कायम गरी सडक विस्तार र स्तरोन्नति गरिनेछ ।
- सडकहरुलाई प्रयोग र उपयोगिताको आधारमा प्राथमिकिकरण गरिएका गाउँपालिका स्तरीय, वडा स्तरीय र टोल स्तरीय सडकमा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- चालु आर्थिक बर्षमा तेलमा मुल्य बृद्धिकाले जोड्न बाकी तथा ट्र्याक खोल्न बाकी सडकको कार्यलाई यस आर्थिक बर्षमा पुर्णता दिइने छ ।
- सडकको निर्धारित मापदण्ड पुरा गरी जग्गाको लगत कट्टा गर्ने कार्य सूचारु गर्न साथै सडकको दाँया बाय संरचना निर्माण गर्दा मापदण्ड अनुसार लागु गर्न जोड दिइनेछ ।
- मानवीय जोखीम न्युनीकरण गर्न र सहज आवात जावतको लागी खोला खेल्सीहरुमा काठे तथा फलामे पुलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- नेचासल्यान गाउपालिका भित्र रहेका सडक क्षेत्रमा रहेका यातायात आवागमनमा असर गर्ने रुख,हाँगा, झाडि, बुट्यान आदी हटाउने कार्यलाई निरन्तरता दिइनेछ।

**कृषि**

- अर्गानिक गाउँपालिकाको रुपमा घोषित नेचासल्यान गाउँपालिकालाई अर्गानिक पालिकाकै रुपमा राखी अर्गानिक कृषि उपज उत्पादनमा बढावा दिन कृषिका विषेश कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- नेचासल्यान गाउँपालिकाले कृषि तथा पशुपालनलाई प्राथमिकतामा राखेर कृषक संरक्षण तथा उत्पादन बृद्धिमा जोड दिनेछ ।
- "बसौं युवा गाउँमा, गरौं उद्यम आफ्नै ठाउँमा" भन्ने मूल नाराका साथ युवाहरुलाई कृषि पेशामा दिगो रुपमा आवद्ध गराउँदै आत्मनिर्भर बनाउन कृषि क्षेत्रको यान्त्रीकरण, आधुनिकीकरण, विविधीकरण तथा बजारीकरण गरी कृषि पेशालाई सम्मानजनक पेशा वनाउन पहल गरिनेछ । साथै अनुदानमा प्रविधि हस्तान्तरणको कार्यलाई निरन्तरता दिइनेछ। वैदेशीक रोजगार गरि फर्केका युवा तथा महिला, दलितलाई लक्षित गरी विशेष कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।
- कृषि एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाई उत्पादित उपजहरुलाई अन्यत्र बजारसम्म पुर्याउने कामलाई निरन्तरता दिईनेछ । आयात हुने र निर्यात गरिने कृषि उपजको तथ्याङ्क राखी सोही अनुरुप योजना बनाइनेछ ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- तोरी तेलमा आत्मनिर्भर बनाउन तोरी खेतीलाई निरन्तरता दिदै निःशुल्क रुपमा स्थानीय जातका बिउ वितरणलाई निरन्तरता दिदै नेचासल्यान १ वडा कार्यलय परिषरमा स्थापना गरिएको तोरी पेल्ने मिल र वडा नम्बर ३ मा स्थापना  गर्न लागिएको तोरी मिलको उचित सञ्चालन  तथा व्यवस्थापन गरि कृषिकलाई सहज सुविधा प्रदान गरिने छ।
- बाँझो जमिनलाई उपयोगमा ल्याउन सानलाई सहुलियत लगायत प्रोत्साहनको कार्यक्रम ल्याइनेछ ।नेचासल्यान २,३,५र४को तल्लो क्षेत्रमा कफी, मरिच,जीरा मेथी, अलैची खेती गर्न प्रोत्साहित गरिनेछ । कृषि व्यवसायीहरुबिच नियमित अन्तरक्रिया संचालन गरिनेछ।
- नेचासल्यान कोशेली घर संचालन गरी स्थानीय उत्पादनको बजारीकरणको प्रबर्धन गर्ने कार्यको थालनी गरिने छ । साथै यस नेचासल्यान गाउँपालिका भित्र गुणस्तर कफि उत्पादनका लागि बजेटको व्यवस्था मिलाइने छ।
- सरोकारवालाहरुसँग बृहत छलफल गरी कृषिजन्य वस्तुको लागत मुल्य (समर्थन मुल्य) निर्धारण गर्न पहल गरिनेछ ।
- कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र नवीनतम प्रविधिको प्रयोग लगायतका कामका लागि टोलटोलमा कृषि प्राविधिक खटाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- बाझो जमिन उपयोगमा ल्याउने तथा रोजगारी र आयआर्जन बृद्धि गर्ने नीति अन्तर्गत कृषकको माग बमोजीम उन्नत जातको आँप,एभोकाडो (घिउ फल),सुन्तला,कागती,लिची,केराको विरुवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। हिउँदे तथा बर्खे फलफुलको विरुवा उपलब्ध गराइने छ ।
- आलुचिस्यान भण्डारण केन्द्रको उचित व्यस्थापन गरिने सञ्चालन गरिने छ।
- गाउँपालिकाको तुईनटार क्षेत्रमा मरिच, भुईकटहर, रुख कटहर, उन्नत जातको आँप, लिची विस्तारलाई निरन्तरता दिइने छ भने नेचासल्यान १ र ५ को माथिल्लो क्षेत्रमा स्याउ,टिम्बुर, चिराइतो लगायतका जडिबुटी विस्तारको कार्यलाई निरन्तरता दिइने छ ।
- रैथाने जातको बिउबिजन संकलन गरी वितरणको कार्यलाई निरन्तरता दिइने छ ।साथै जुनेलो, घैया, कागुनो, फापर,जौ, कैलो भटमास र विभिन्न जातका स्थानीय धानको संरक्षण तथा प्रवर्द्दन गरिनेछ।आयातीत बिउबिजनलाई निरुत्साहित गर्दै लगिने छ ।
- उत्कृष्ट कृषक सम्मान नीतिलाई निरन्तरता दिदै लगिने छ उत्पादन र उत्पादकत्वको आधारमा कृषक सम्मान कार्यक्रम सञ्चालन गरिने छ।
- जैविक मल तथा जैविक किटनाशक औषधिको उत्पादन तथा प्रयोगलाई निरन्तरता दिइने छ ।
- एक वडा एक उत्पादन कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइने छ ।
- कृषकको प्राविधिक, ज्ञान, क्षमता र चेतनाको स्तरमा सुधार ल्याउन आवश्यकताका आधारमा सेवा(टेवा सहितको तालिम संचालनलाई निरन्तरता दिइने छ।
- गाउँपालिकाको हावापानी, भूगोल र माटो सुहाउँदो चक्लाबन्दि खेती प्रणालीको अवधारणालाई निरन्तरता दिइने छ।
- कृषि शाखाको मातहतमा रहने गरि एग्रोभेट संचालन कार्यलाई अगाडी बढाईनेछ।
- सामुदायिक बन र सार्वजनिक स्थलमा एग्रि टुरिजमको अवधारणालाई अगाडी बढाउने कार्यको थालनी गरिनेछ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- यस गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रलाई उत्पादनमूलक बनाउन यस गाउँपालिका क्षेत्रभित्रका १ जना कृषि स्नातक अध्ययनरत विद्यार्थीलाइ ५० प्रतिशत छात्रबृत्रि् उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ।
- स्थानीय कृषि उत्पादन बृद्धि गर्दै गाउँपालिका आत्मनिर्भर बनाउन पहल गरिनेछ । आयातित वस्तुहरुलाई न्युनीकरण र स्थानीय अर्गानिक उत्पादनलाई प्रबर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- कृषकलाई सिंचाई व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ ।
- चिस्यान केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ।
- बाली विमा गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने छ।
- माटो परिक्षण सेवा कृषि शाखा तथा उपशाखा बाट सुरु गरिने छ।
- तरकारी तथा फलफुलबालीको भण्डारण समय लामो बनाउन प्रयोग गरिने सोलार ड्रायर प्रविधिलाई प्रयोग ल्याउन पहल गरिने छ।
- स्थानीय अकबरे खुर्सानी र हरीयो लामो काक्रा, लोकल तितेकरेलाको उत्पादन बृद्धि गर्न विउँ विस्तार तथा व्यवस्थापन गरिने छ।
- 
- **पशुपालन**

- पशुधनलाई संरक्षण तथा प्रबर्धन गर्ने कार्यलाई निरन्तरत दिइने छ । पशु विमा कार्यक्रममा कृषकको सहभागीता बढाउन प्रोत्साहानका कार्यक्रम गरिने छ।
- स्वस्थ पशु,सुरक्षित उत्पादन,समृद्ध कृषक र अत्मनिर्भर गाउँपालिकाको अवधारणालाई आत्मसात गर्दै पशुपालन क्षेत्रलाई गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधारको रुपमा विकास गरिने छ ।
- पशु तथा पशुजन्य पदार्थको उत्पादन वृद्धिका लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरुमा कृषकको पहुँच बढाई उत्पादन लागत कम गरी पशुपालन व्यावसायीलाई प्रतिस्पधी बनाउन पहल गरिनेछ ।स्थानीय उत्पादनलाई बढवा दिन गाउँपालिका स्तरको कार्यक्रममा यही उत्पादित पशुपंक्षलाई प्राथमिकता राखिने छ ।
- कृषक तथा सरोकारवालाहरुको सहकार्यमा पशुपन्छी बजार विकास तथा विस्तारद्वारा कृषक तथा उपभोक्ताको लागि प्रतिस्पर्धात्मक तथा गुणस्तरीय पशु वस्तुको बजार पहुंचमा सहज बनाइनेछ ।
- पशुपालन तथा दुग्ध उत्पादन ब्यावसायलाई प्रोत्साहन तथा दूधमा आत्मनिर्भर वनाउन गाई,भैसी प्रर्वर्द्धन कार्यक्रम संचालन गरिनेछ । यस अघि गोठ सुधारमा लागनी गरिएकाले अव गाई भैसीको व्यवसायीक विकासका लागी गाई भैसीबाट दैनिक १० लिटर उत्पादन गरि बजारीकरण गर्ने कृषकलाई प्रोत्साहान गरिने छ ।
- मासु जन्य पदार्थको स्वच्छ र सहज आपूर्तिका लागि ब्यवस्थित बधशाला -slaughter house_ निर्माण गरिएकाले यसको प्रयोग तथा सञ्चालनको व्यवस्थापन गरिने छ ।
- पशु धनको क्षति न्यूनिकरणको लागि रोग नियन्त्रण, पशु स्वास्थ्य, प्रयोगशाला सेवा, खोप तथा वन्ध्याकरण पशु स्वास्थ्य शिविर संचालन जस्ता कार्यक्रमलाई प्रभावकारी बनाई संचालन गरिनेछ ।
- कृषकको क्षमता अभिबृध्दिको लागि संघ तथा प्रदेश स्तरको तालिम केन्द्रसँग समन्वय गरी बिभिन्न तालिम संचालन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- नेचासल्यान गाउँपालिकाले पशुपालन क्षेत्रलाई व्यावसायीक,प्रतिस्पर्धी,उत्पादनमुखी तथा आत्मनिर्भर बनाउँदै कृषकको आयस्तरमा बृद्धि,पोषण सुरक्षा र आर्थिक बृद्धिमा टेवा पुर्‍याउन विभिन्न नीति अबलम्बन गर्ने छ ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- पशुपक्षीमा लाग्ने विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको राकथाप,नियन्त्रण,उपचार तथा निगरानीलाई प्रभावकारी बनाइने छ। इपिडिमीयोलोजिकल रिर्पोटिङ प्रणालीलाई प्रभावकारी बनाइने छ ।
- पशुपंक्षीमा लाग्ने रेबिज,पिपिआर,खोरेत,लम्पी स्किन,स्वाइन फिभर,रानीखेत लगायतका रोग विरुद्ध नियमित तथा विशेष खोप अभियानलाई निरन्तरता दिइने छ ।
- गाई भैंसी लगायतका पशुमा कृक्रिम गर्भाधान सेवाको पहँच विस्तार गरि उन्नत नश्ल सुधार मार्फत उत्पादकत्व बृद्धि गरिने छ र निशल्क कृतिम गर्भाधान गर्ने पशुप्राविधिकलाई सख्याको आधारमा प्रोत्साहन गरिनेछ । साथै नश्ल सुधारका लागि आवश्यक नाइट्रोजन,सिमेन्ट,औषधी उपकरणको व्यवस्थापन गरिने छ ।
- स्थानीय श्रोत साधान र बजारको मागलाई आधार बनाई बाखा बंगुर कुखुरा तथा गाई  भैसी पालन व्यवसायलाई प्रवद्धन गरिने छ ।
- पशुपालन व्यवसायलाई व्यवसायीक बनाउन व्यवसायीलाई आवश्यक मेसिनरी उपकरण लागत साझेदारीमा उपलब्ध गराइने छ ।
- डेरी,मासु,तथा बेकरी उद्योगको प्रवर्द्धन गरी कृषि उपजको मुल्य अभिबृद्धि तथा बजार व्यवस्थापनमा सहयोग पुग्ने कार्य गरिने छ ।
- पशुसेवा शाखामा कार्यरत प्राविधिकहरु दिन रात नभनी फिल्डमा जानु पर्ने अवस्थालाई मध्यनजर गरि प्राविधिकको सेवामा उत्प्रेरणा,क्षमता विकास तथा कार्यसम्पादनको आधारमा प्रोत्साहित गरिने छ ।
- पशुस्वस्थ्य तथा प्रजनन सेवाको गुणस्तरमा सुधार गर्न आवश्यक उपकरण तथा सामाग्रीको व्यवस्था गरिने छ
- पशु सेवा उपशाखा तथा सेवा केन्द्रहरुको सुदृढीकरण गरी वडा स्तरमै सेवा पहुँच विस्तार  गरिने छ ।
- घाँसेबाली विकास,उन्नत घाँस उत्पादन तथा पोषण व्यवस्थापन कार्यक्रम मार्फत पशुपालनको उत्पादन लागत घटाउने नीति अबलम्बन गरिने छ ।
- जलबायु परिवर्तन तथा प्राकृतिक विपदका कारण पशुपालन क्षेत्रमा पर्न सक्ने असर न्युनीकरण गर्न अनुकुलन तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिने छ ।

**शिक्षा विज्ञान तथा प्रविधि**

- गुणस्तरीय र प्रविधिमैत्री शिक्षा,नेचासल्यानको इच्छा,शिक्षाको मुल मर्म अनुरुप विद्यालयको भौतिक पुर्वाधार सुधार गर्ने,शिक्षण सिकाइमा प्रविधिको प्रयोगलाई बढवा दिई स्थानीय पाठ्यक्रम मार्फत व्यबहारीक ज्ञान दिइने छ ।
- प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुने संविधानमा व्यवस्था भए अनुरुप सबै बालबालिकामा शिक्षाको पहुँच पुर्‍याइनेछ। विद्यालय बाहिर रहेका विद्यालय उमेरका विद्याथीलाई विद्यालयको कक्षा सम्म पुर्‍याउन अभिभावक संग अन्तर्क्रिया गरिने छ।
- गत आर्थिक बर्षमा गाउँपालिका भित्रका जिर्ण तथा मर्मत सभार गर्नु पर्ने अवस्थाका विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत, प्रविधि,पाठ्यक्रम गत आ.ब मा लगानी गरेको र गाउँपालिकाले यस आर्थिक बर्षमा खासगरी विद्यालय सुधारका क्षेत्रमा काम गर्ने छ ।

नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

- स्थानीय महत्वपूर्ण सामाग्री सहितको पाठ्यपुस्तक निर्माणको चरणमा रहेकाले यसलाई पुर्णता दिई कार्यन्वयन गरिने छ। जसमार्फत विद्यार्थीले स्थानीय कुराको जानकारी प्राप्त गर्न सजिलो हुने छ।
- न्यूनतम सेवा मापदण्डको आधारमा विद्यालयको सर्वेक्षण र स्तरीकरण गरी आवश्यकताको आधारमा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।साथै विद्यालय शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन कार्यसम्पादन परिक्षणको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा विद्याथीको संख्या घट्दो क्रममा रहेकाले केही आधारभूत विद्यालयहरुलाई समयानुकूल नजिकको पायक पर्ने विद्यालयमा व्यवस्थापन गर्दै शिक्षक लगायत स्रोतसाधन व्यवस्थापन गर्दै लगिनेछ ।
- बालबालिकामा जीवनउपयोगी सीपको विकास तथा उद्यमशील भावनाको विकास गर्न पढाइ सँगै सीप विकास कार्यक्रमलाई संचालन गरिनेछ ।
- विद्यालयको सिकाई उपलब्धीको स्तरबृद्धि गर्नको लागि विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र अभिभावकको नियमित अन्तर्क्रियालाई निरन्तरता दिइनेछ ।
- विद्यालय क्षेत्रको विविध विषयको अनुगमनलाई निरन्तरता दिइनेछ । माध्यमिक विद्यालयमा मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्था गरिने छ ।
- सबै विद्यालयको अर्ध बार्षिक तथा बार्षिक परीक्षा प्रणालीमा एकरुपता ल्याइने छ ।
- स्पष्ट र मापनीय मापदण्डका आधारमा लगनशील र उत्कृष्ट  विद्यालयहरुको छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजालाई पुर्ण लागु गरिने छ।
- सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड प्रदानलाई निरन्तरता दिइने छ। विद्यालय नर्स कार्यक्रमलाई स्वस्थ्य शाखा संगको समन्वयमा अझ प्रभावकारी बनाइने छ ।
- संस्कारयुक्त शिक्षा र योग शिक्षाको माध्यमबाट शिक्षक र विद्याथीहरुमा नैतिक शिक्षा विकासमा जोड दिइनेछ।
- "शिक्षा दिवस शिक्षकलाई अवसर" कार्यक्रम अन्तर्गत शिक्षा दिवसको अवसरमा शिक्षकको प्रतिभा प्रदर्शन गर्न शिक्षकद्धारा निर्मित सामाग्री प्रदर्शनीको आयोजना गरी उत्कृष्ट शिक्षक तथा विद्यालयहरुलाई पुरस्कृत गर्ने कार्य लागु गरिने छ।
- सिकाई सीपको स्थानान्तरण तथा अनुभव आदानप्रदानका लागि स्पष्ट कार्यविधिका आधारमा विषयगत समिति गठन गरी कार्यान्वयनमा लगिने छ ।
- निजामती क्षेत्रमा प्रवेश गराउन लोक सेवाको कक्षा सञ्चालनको लागी आवश्यक व्यवस्था गरिनेछ ।
- साहित्यिक पुस्तक संग्रह,  साहित्यकारको सम्मान र विविध साहित्यिक कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- यस गाउँपालिकाभित्रको उत्कृष्ठ र जेहेन्दार १ जना विद्याथीलाई MBBs शिक्षा अध्ययनका लागि सरकारी कलेजमा लाग्ने लागतको ५० प्रतिशत गाउँपालिकासँग सम्झौता गरी अनुदानको व्यवस्था मिलाउन पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति,आर्थिक रुपले विपन्न महिला तथा लोपोन्मुख समुदायका व्यक्तिले उच्च शिक्षा अध्ययन गरि मास्टर डिग्रीको थेसीस गरेमा लाग्ने शुल्कमा सहयोग गरि सहजता प्रदान गरिने छ ।
- संगीत शिक्षालाई निरन्तरता दिइने छ ।
- सिकाउ र टिकाउ अभियान अन्तर्गत गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरुमा विद्यार्थी भर्नादर बढाउन र विद्यालय छाड्ने दर रोक्न दलित, बिपन्न तथा जेहेन्दार विद्यार्थीलाई  विशेष छात्रबृत्ति तथा स्टेशनरी सहयोग कार्यक्रमलाई निरन्तरता दिइने छ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- ICT in education अन्तगर्त माविहरुमा क्रमशः स्मार्ट क्लासरुम कम्प्युटर ल्याबको व्यवस्था गरी इन्टरनेटमा आधारित शिक्षण सिकाइलाई प्रोत्साहन गरिनेछ । शिक्षकहरुका लागि आधुनिक प्रविधि सम्बन्धि क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिने छ।
- स्थानीय पाठ्याक्रम र सीपमुलक शिक्षाः नेचासल्यानको भुगोल,सस्कृति,पर्यटन र कृषि सम्भावनलाई समेटेर तयार गरिएको स्थानीय पाठ्याक्रमलाई आधारभुत तहमा प्रभावकारी रुपमा लागू गरिनेछ। मवि तहका विद्यार्थीका लागि हप्ताको एक दिन व्यवहार उपयोगी सीप कार्यक्रमको संभाव्यता अध्ययन गरिने छ।
- गाउँपालिकाभित्रका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी मिलान कार्यलाई थप व्यवस्थित बनाइने छ। प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विशेष प्याकेज ल्याईने छ ।

**स्वास्थ्य**

- प्राथमिक स्वास्थ्य केन्द्र सल्यान र नेचा अस्पतालबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन प्रविधि जडान कार्यलाई थप गरिने छ भने २४सै घण्टा सेवा प्रदान गरिनेछ । साथै २४ सै घण्टा प्रदान गरिने स्वस्थ्य सेवालाई थप गुणस्तरीय बनाईनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्र सल्यानबाट आँखा रोगको निदानका लागि नियमित रुपमा उपचार गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- सबै स्वास्थ्य संस्था सम्म पुग्न सहज सडक पहुँचको व्यवस्था मिलाइनेछ
- महिलाहरुको आङ खस्ने,पाठेघरको मुखको क्यानसर,स्तन क्यान्सर,फिस्टुलाको समस्याहरु जस्ता रोगको पहिचान र निदानका लागि विशेषज्ञ सहितको सेवा लिएर नियमित स्क्रिनिङको शिविरलाई निरन्तरता दिइने छ।
- गर्भवती महिलाहरुको स्वास्थ्य अवस्था स्वस्थ राख्न गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता न्युनीकरण गर्न ANC र PNC चेकअपलाई मजबुत बनाइनेछ, सबै दम्पतीलाई फोलिक एसिड चक्की वितरणको व्यवस्था मिलाइनेछ । साथै गर्भवती महिलाको रगत र पिसाब जाँच प्राथमिक स्वस्थ्य केन्द्र सल्यान र नेचा अस्पतालबाट निशुल्क गरिने व्यवस्था मिलाइने छ ।
- मातृ तथा नवजात शिशु मृत्युदर शून्य बनाउन साथै घरमा सुत्केरी हुने दर शुन्य बनाउन पहल गरिनेछ र थप उपचारका लागि गाउँपालिका क्षेत्र बाहिर पठाउनु पर्ने भएमा एम्बुलेन्स सेवालाई एकतर्फी निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिदै सुत्केरी महिलालाई प्रोत्साहन र  महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जन्मजात हुने अपाङ्गता रोकथामका लागि गर्भपुर्व र गर्भपश्चात दम्पतीहरुलाई खुवाइने फोलीक एसिड चक्कीको पैरवीलाई प्राथमिकतामा राख्दै सबै दम्पतीलाई फोलीक एसिड चक्की वितरणको व्यवस्था मिलाइने छ ।
- “स्वस्थ्य नागरिक-समुन्नत पालिका” सबै नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ भने बालबालिकामा देखिएको तीब्र अटिज्म र मानसिक रोगहरुलाई निर्मुलिकरण गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र संचालित बर्थिङ सेण्टरको उचित व्यवस्थापनसँगै प्रभावकारी सेवालाई निरन्तरता दिइनेछ ।
- ७० बर्ष नाघेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,५ बर्षमुनिका बालबालिकालाई विरामी भएको र डाक्टर तथा  स्वास्थ्यकर्मिको सल्लाह अनुसार रेफर गर्ने अवस्थामा ओखलढुंगा तथा सोलुखुम्बु भित्रका जुन सुकै स्वास्थ्य संस्थामा जान एक तर्फी निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईने छ साथै क र ख वर्गका

अपांगता भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमाको व्यवस्था मिलाइने र सबै नागरिकहरुलाई स्वस्थ्य बिमाको लागि प्रेरित गरिने छ।

- गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोषबाट सहयोग गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- नेचासल्यान गाउँपालिकामै पोष्टमार्टम गर्नेरगराउने व्यवस्थाका लागि थप पहल गरिने छ भने शव बहानको व्यवस्थामा जोड दिइने छ ।
- आमा र बच्चाको पोषण अवस्था सुदृढ गर्न समुदाय केन्द्रित ूस्वास्थ्य आमा समुह सँग स्वास्थ्य कमीू कार्यक्रम साथै प्रसूति भेटघाट कार्यक्रम सँगै सुत्केरी पोषण कोसेली कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका पूर्ण खोप सुनिश्चित भईसकेकाले नियमित खोप कार्यक्रमलाई व्यवस्थित र अझ प्रभावकारी वनाउदै पुर्ण खोप सुनिश्चित पालिकाको अवस्थालाई कायम राखिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाको अभिलेख व्यवस्थित गरिनेछ ।
- सार्वजनिक क्षेत्रमा धुम्रपान तथा सुर्तिजन्य पदार्थको वेचविखनलाई निरुत्साहित गर्न विशेष पहल गरिनेछ, सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कानुनलाई प्रभावकारी कार्यान्वयन गर्ने प्रवन्ध मिलाइनेछ ।र स्वास्थ्यमा असर पर्ने पेय पदार्थलाई निरुत्साहित गर्दै लगिनेछ।
- म स्वास्थ्य,मेरो समुदाय स्वास्थ्य कार्यक्रम मार्फत नसर्ने तथा मानसिक रोगको प्रकोप सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिइदै समुदाय केन्द्रित बनाइने छ ।
- स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड अनुसार चाहिने सामाग्री तथा उपकरणहरुको व्यवस्थापनको लागि थप पहल गरी गुणस्तरीय सेवाको सुनिश्चितता गरिने छ।
- किशोरीहरुमा हुने रक्तअल्पताको रोकथाम तथा विद्यालय स्वास्थ्य पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाउन ूविद्यालयसंग स्वास्थ्यकमी कार्यक्रमू को निरन्तरता दिइनेछ ।
- रेविज तथा टिटानास जस्ता प्राणघातक रोगको रोकथामका लागि पालिका भित्रै निशुल्क खोप उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने ।
- गाउँपालिकासँग जेष्ठ नागरिकू कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकको घर घरमा स्वास्थ्य परिक्षणको कार्यक्रमलाई निरन्तरता दिइदै सेवालाई थप व्यवस्थित गरिने छ ।
- प्रत्येक वडाका दलित, लोपोन्मुख जनजातीलाई स्वास्थ्य बिमाको पहुँच पुर्याइने छ, साथै गाउँपालिकामा स्वास्थ्यसँग सम्बन्धित आर्थिक सहायताका आवेदकलाई स्वास्थ्य बिमामा आवद्धता गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- शारीरिक तथा मानसिक स्वास्थ्यका लागि योग प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नगरिक आरोग्य कार्यक्रमलाई **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** मुल नाराका साथ अभियान सञ्चालन गर्ने जस अन्तर्गत शिक्षा, स्वस्थ जीवनशैली र नसर्ने रोग नियन्त्रण तथा मानसीक स्वस्थ्य सम्बन्धि विद्यालय र समुदाय स्तरमा सचेतना प्रदान गरिने छ ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत शिक्षक तथा विद्यार्थीलाई आयुर्वेद पोषण योग शिक्षा कार्यक्रम लागु गरिने छ।
- निशुल्क योग विज्ञान शिविर मार्फत प्रत्येक वडा वडामा मानसीक स्वस्थ्य समस्य नियन्त्रण गर्नका लागि कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- आयुर्वेद शाखा मार्फत निशुल्क आधारभूत आयुर्वेद सेवा, पञ्चकर्म /पुर्वकर्म सेवा स्तनपायी आमालाई दुग्ध बर्द्धक औषधी वितरण सेवा,योग सेवा,जेष्ठ नागरिक स्वास्थ्य प्रबर्द्धन सेवा नियमीत सञ्चालन गरिने छ।
-

महिला बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता

- बालिका बचत खाता कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै यस आर्थिक बर्ष देखि लागु हुने गरि बाल बचत खाता समेत सञ्चालन गरिने छ । यस कार्यक्रम बालिका बचत खाताको कार्यविधि संसोधन गरि दुबैलाई एकरुपता प्रदान गरिने छ ।
- **बालिका तथा बाल बचत खातालाई बालबालिका सुरक्षा कोषको रुपमा विकास गरिने छ।**
- यस आर्थिक बर्ष देखि सञ्चालन गर्ने गरि बालबालीकालाई विभिन्न समयमा विरामी हुँदा उपचारमा राहात प्रदान गर्नका लागि न्युनतम रकमको उपचार बालकोष सञ्चालनमा ल्याउने व्यवस्था गरिने छ।
- एकल महिलाहरुको समूहलाई सक्रिय र सशक्त बनाउनका लागि समुहमा आधारीत कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरिने छ ।
- पशुपालन व्यवसायमा युवा तथा महिलाको आकर्षण बढाउन लक्षीत कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ । विदेशबाट फर्केका,उद्यमी,समुह सहकारीलाई प्राथमिकता दिइने छ ।
- महिला,बालबालिका, अपांगता तथा ज्येष्ठ नागरिकहरुलाई प्रदान गर्दै आएको विशेष सेवालाई निरन्तरता दिइने छ।
- अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्रलाई प्रविधियुक्त र सुरक्षित बनाउन डिजिटल कार्ड उपलब्ध गराउन व्यवस्था गरिने छ।
- महिलाहरुलाई लघुउद्यम,घरेलु तथा साना उद्योगको कार्यक्रम मार्फत व्यवसायीक बनाउँदै लगिने छ । यस अघि विभिन्न कार्यक्रम मार्फत प्रदान गरिएको महिलाको सीपलाई अभिबृद्धि गर्दै व्यवसायमा लाग्ने प्ररित गरिने छ।
- उद्यमि महिलाहरुलाई उत्पादनको आधारमा प्रोत्साहन गरिनेछ।
- वडा तथा पालीका स्तरीय बाल क्लब गठन गरि उनीलाई सक्रीय बनाइने छ।
- एकल महिला, एकल पुरुष, विपन्न, दलित, घर परिवारका व्यक्तीलाई घरायसी विद्युतीय उपकरणहरु जडानका लागी दिइदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।
- प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, स्थानीय सरकारको आर्थिक लगानी तथा करुणा फाउन्डेसन नेपालको प्राविधिक सहयोगमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ।
- आदर्श दम्पती सम्मान कार्यक्रमको थालनी गरिने छ।
- समाजका बृद्ध अभिभावकहरुको ज्ञान सीप,सस्कार र सस्कृतिका कुरा पुस्तान्तरण कार्यक्रम अन्तर्गत बृद्ध बुवा आमा सँग बालबालिका संवाद कार्यक्रम सञ्चालन गरिने छ।
- **सल्यान र नेचाक्षेत्रमा गाउँपालिका संगको समन्वयमा सञ्चालित** ८० प्रतिशत भन्दा बढी महिलाहरुको सहभागीतासाना किसान सहकारीलाई **नियमसंगत सञ्चालन तथा व्यवस्थापन गर्दै लगिने छ र लघुउद्यम कार्यक्रम यसै सहकारीमा आवद्ध भएका महिलालाई मार्फत सञ्चालनको लागि पहल गरिने छ साथै** केन्द्रिय साना किसान सहकारी बैंक संग आवद्ध गराई व्यवसायीक आयआर्जनमा जोड्न पहल गरिने छ।

**संस्कृति तथा पर्यटन**

- यस गाउँपालिकामा बसोवास गर्ने समुदायहरुको सामुदायिक भवन, गुठी, संस्कृति, संस्कार, संग्रहालय संरक्षण र व्यवस्थित गर्दै लगिने छ।
- पर्यटन क्षेत्रलाई विकसीत गर्न गौरीटाप र आहालेमा निर्माणाधिन पर्यटसंरचनालाई क्रमागत हिसाबले पुर्णता दिइने छ भने व्यवस्थित सञ्चालन गर्दै लगिने र पर्यटन शुल्क मार्फत आन्तरिक आयलाई बढावा दिइने छ ।
- यस अघि तयार गरिएको पर्यटन गुरुयोजनालाई आवश्यकताको आधारमा परिमार्जन थप गरि गाउँपालिका भित्रका विभिन्न स्थानहरु, तुइन्टार, फुर्के जम्दीपार्क, चिसापानी गैरी, आहाले, भेडिखोर काँचोपाते, गौरीटाप हुदै पिके जोड्ने माथिल्लो पर्यटन पदमार्ग र तुइन्टार, चर्पु, बिहिबारे, ठाँटीडाडा सल्यान हुदै थुलुङ दुधकोशीको देउसा बुडीडाँडा हुँदै सगरमाथा जोड्ने तल्लो पर्यटन पदमार्गको संचालनका लागि थप पहल गरिने छ ।
- नयाँ घर निर्माण गर्दा ग्रामिण मौलिकता झल्किने किसिमका घरहरु बनाउन प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- भाषिक, जातीय तथा सांस्कृतिक विविधताको संरक्षण गरि मौलिक संस्कार र संस्कृतिलाई पर्यटनसँग जोड्दै लगिने र विभिन्न जात जातीहरुको भाषा धर्म, सस्कार संस्कृति भेषभुषाको जर्गेना गर्दै सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण कार्यलाई पूर्णता दिइनेछ।
- पर्यटन प्रवर्द्धनका लागि सरोकारवाला निकाय, गैरसरकारी संस्था, संघसंस्था, निजी लगानीकर्तासँग आवश्यक समन्वय र सहकार्य गरी स्थानीय नागरिकको प्रत्यक्ष सहभागिताको सुनिश्चितता गरिनेछ।
- गाउँपालिकाभित्रका सबै धर्म, भाषा र संस्कृतिको सम्मान र संरक्षणमा जोड दिइनेछ।साथै स्थानीय कला, संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तय गरिनेछ।
- सहिदहरुको सम्मानका लागि वडा नं ५ को उपयुक्त स्थानमा सहिद स्मृति पार्क स्थापना गर्ने गाउँपालिकाको योजनालाई पुर्णता दिन पहल गरिने छ ।

**सेवा प्रवाह,सुशासन र संस्थागत विकास**

- कर प्रणालीलाई सेवाग्राहीमैत्री बनाउने र सेवा प्रवाहलाई राजस्व परिचालनसँग आवद्ध गरी आन्तरिक आय बृद्धि गर्दै लगिनेछ ।
- गाउँपालिकाले जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रवाह गरि विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय शासन पद्दतिको सुदृढ गरिनेछ।
- नीति तथा कानुन निर्माणमा नागरिक सहभागिता अभिवृद्धि गर्न प्रस्तावित नीति, कानुन तथा कार्यविधि स्वीकृत गर्नु अघि सार्वजनिक रुपमा आह्वान गर्ने प्रणालीलाइ संस्थागत गर्दै लगिने छ ।
- सूचना तथा गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधिमा आधारित एवम अन्य संयन्त्रको व्यवस्था गर्दै लगिने छ ।
- नीति, कानून, योजना तथा निर्णयहरु नियमित रुपमा वेभसाइट मार्फत सार्वजनिक गर्ने र प्राप्त पृष्ठपोषणलाई नीति, कानुन तथा योजनामा समावेश गर्ने व्यवस्था गरिनेछ।
- संघसंस्थालाई जिवित बनाईराख्न कला, संगित, उत्पादन, सरसफाई जस्ता कार्यक्रम समेटेर सक्रिय बनाइनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ। मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि गरि न्याय निरुपणमा सहजता गरिने छ ।
- राजश्वबृद्धिका लागि सुधार कार्ययोजना तर्जुमा गरी राजश्व परिचालनका सम्भाव्य क्षेत्रहरुको अध्ययन गरी राजश्वको परिचालनको क्षेत्र, दायरा, दर तथा राजस्व प्रशासनमा सुधार गर्दै लगिनेछ ।
- राजश्व परिचालनका विद्यमान कानूनी व्यवस्था तथा वित्तिय साक्षरता सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी, समुदाय, व्यवसायी तथा सरोकारवाला लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिधिभित्र रहि राजश्व संकलनका सवै सम्भावना र क्षेत्रहरुको खोजि गर्दै राजश्व सुधार कार्ययोजना तयार गरी प्रगतिशिल र समतामुलक रुपमा करका दरहरु निर्धारण गरिनेछ।
- सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुलक बनाउने कार्यमा थप जोड दिइ चालु प्रकृतिका खर्चहरु न्यूनिकरण गर्दै लगिने छ।
- महिला, दलित, अल्पसंख्यक अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक,सामाजिक, सशक्तिकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै बीउपूँजी टेवा सहितका सीपमूलक तालिमहरु संचालन गर्नुका साथै एकल महिला जिविको पार्जनमा सहजताको लागि पशुका पाठापाठी उपलब्ध गराइने छ।
- गृहिणी महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि गृहिणी महिला स्वरोजगार कार्यक्रम लघुउद्यम मार्फत सञ्चालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुले व्यवसाय दर्ता गर्न चाहेमा व्यवसाय दर्तामा ५० प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइने छ साथै अपाङ्गता भएका व्यक्तिहरुले संचालन गरेको व्यवसायलाई प्रवर्द्धन र प्रोत्साहन गर्नका लागि आर्थिक सहयोगको व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभव नयाँपुस्तामा हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- बालबालिका माथि हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार न्यूनीकरणका लागि बहस पैरवी तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने तथा बिहे नगरी स्नातक उत्तीर्ण गर्ने किशोरीलाई गाउँपालिकाबाट सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।
- संगठित गरिएको एकल महिला समूहहरुलाई जिविकोपार्जन गर्न सहजताका लागि उपलब्ध गराईएको अनुदानको उपलब्धि मापन गरि थप कार्यक्रम विस्तार गर्दै लगिने छ।
- अर्थोपार्जनको लागि महिला समूहहरुको क्षमता अभिवृद्धि गरिने छ ।साथै महिला सशक्तिकरण  कार्यक्रम,तालिम तथा अभियानहरु सञ्चालन गरि जनचेतना बढाइने छ ।
- सुरक्षित मातृत्व र पाठेघर सम्बन्धि रोगको रोकथामका लागि खोप कार्यक्रम र शिविरको व्यवस्थापन गरिनेछ । शिविरमा पहिचान भई रिफर भएका महिलाहरुलाई थप सेवाको लागि अस्पतालसँग समन्वय गरिनेछ ।
- यस गाउँपालिकाले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेसन नेपाल सँगको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमलाई निरन्तता दिइने छ
- अपांगता भएका व्यक्तिहरुको वडास्तरमा गठित मिलिजुली समूहहरुलाई अध्ययन, अवलोकनको अवसर प्रदान गरिनेछ । अवलोकनबाट प्राप्त ज्ञान, सीपलाई समूहमा लागु गराउन प्रोत्साहित गरिनेछ।
- विद्यार्थीलाई जागरुक बनाउन जनप्रतिनिधि, कर्मचारीबिच अन्तरक्रिया कार्यक्रम संचालन गर्दै लगिने छ।

**वन तथा वातावरण**

नेचाल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- **सामुदायीक बन समिती,जनप्रतिनिधि,कर्मचारी तथा स्थानीय समुदायले सामुदायीक बन क्षेत्रमा बृक्षारोपण गर्ने कार्य अघि बढाइने छ भने विरुवाको व्यवस्थापन डिभिजन वन कार्यालय संग समन्वय गरिने छ साथै वृक्षारोपण गर्दा बादर तथा अन्य वन्यजन्तुको खानालाई समेत ध्यान दिइ त्यस प्रकारको विरुवा रोपिने छ । जस्तै विभिन्न प्रजातीका फलफुल।**
- विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा दिगो विकासको अवधारणा अनुसार सम्पन्न गरिनेछ ।
- विभिन्न विपदहरुको रोकथाम तथा नियन्त्रणका लागि संघीय र प्रदेश सरकारका निकाय तथा गैरसरकारी संघसंस्थासँग समन्वय गरि कार्यक्रमहरु संचालन गरिनेछ।
- विपदमा परेका व्यक्ति तथा परिवारलाई विपद जोखिम व्यवस्थापन कोषबाट राहात उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ।

**युवा तथा खेलकुद**

- **वैदेशिक रोजगारबाट फर्केका वा स्वदेशमै केही गर्न चाहने युवाहरुलाई कृषि,पशुपालन,पर्यटन र साना उद्योगमा आकर्षित गर्न उद्यमी युवाःपालिकाको भरोसा कार्यक्रम मार्फत सहुलियतपुर्ण ऋणको समन्वय वा प्रविधिक सहयोगको लागि पहल गरिने छ।**
- **बजारको माग अनुसार युवाहरुलाई वित्तीय साक्षरता,प्लम्बिङ,काठ,पर्या-पर्यटन सम्बन्धि गाइड तालिमहरु सञ्चालनमा ल्याइने छ।**
- **युवा क्लब र सचेतना अभियान प्रत्येक वडामा युवा क्लबहरुलाई सक्रिय बनाउँदै लागू औषध दुर्व्यसनी विरुद्ध,साइबर सुरक्षा र सामाजिक विकृति विरुद्ध युवा सचेतना परिचालनको अभियान सञ्चालन गरिने छ ।**
- **ग्रामीण क्षेत्रका प्रतिभा पहिचान गर्ने र युवाहरुलाई खेलकुलको माध्यमबाट अनुशासित तथा प्रतिभाशाली बनाइने छ।**
- **गाउँपालिका मुख्य-मुख्य खेल मैदानको स्तरोन्नति गरी समुचित सदुपयोग गरिनेछ। युवाहरुको लोकप्रिय रहेको फुटबल,फुटसल,भलिबल लगायत स्थानीय परम्परागत खेलहरुलाई समेटेर गाउँपालिका स्तरीय भलिबल फुटबल कप प्रतियोगीताहरुलाई निरन्तरता दिइने छ।**
- युवाको शारीरिक तथा मानसिक विकासको लागि गाउँपालिका तथा वडा स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ।साथै खेलाडी तथा खेल समूहलाई एकद्वार प्रणालीबाट व्यवस्थित रुपमा संचालन गरिनेछ।
- युवाहरुलाई खेलप्रति आकर्षित गर्न कभर्ड हल निर्माणको लागि प्रक्रिया अघि बढाईनेछ।

**खानेपानी तथा सरसफाई**

- सबै नागरिकलाई स्वच्छ पिउनेपानी उपलब्ध गराउन एक घर एक धाराको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेचासल्यान गाउँपालिका अन्तर्गत खानेपानीको सुविधा नपुगेको क्षेत्रमा सुरक्षित, स्वच्छ र सर्वसुलभ खानेपानीको आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्न पानीका मूल, श्रोत तथा सीमसार क्षेत्रको संरक्षण, संवर्द्धन तथा दिगो उपयोग, लिफि्टङ परियोजना कार्यक्रमकोलागि आवश्यकतानुसार संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यमा गरिनेछ।
- पुराना ढुंगेधारा, कुवा र पधँरोहरुको संरक्षणलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकालाई सिसा र वोतलमुक्त बनाई सफा गाउँपालिका निर्माणको अभियानलाई निरन्तरता दिईने छ ।

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतधारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- सफा र सुन्दर बजार निर्माण गर्न बुधबारे र बिहिबारे बजार क्षेत्रको फोहारमैलाको उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै व्यवसायी र घरधनीलाई पालिकामा सुचिकृत गराई फोहोर शुल्क लिने कार्यको थालनी गरिने छ।
- पृथ्वी र प्रकृति साझा हो सबैले संरक्षण गर्नु र सफा राख्नु कर्तव्य हो । आफुले प्रयोग गर्ने प्लाष्टिक र प्लाष्टिकजन्य सामाग्रीको प्रयोग पछि जथाभावी फाल्न निषेध गरिने छ ।
- पानीको मुहान संरक्षणका निमित्त मुहान दर्ता प्रक्रियालाई लागु गरिने छ ।

**उर्जा तथा सिँचाई**

- हाम्रो गाउँपालिका उज्यालो गाउँपालीका बनाउने अभियानलाई सार्थक बनाउदै लगिनेछ। साथै नेपाल विद्युत प्राधिकारणको राष्ट्रिय लाईन जडान गर्न छुट भएको क्षेत्र तथा घरमा विस्तार गर्न समन्वय गरिने छ ।
- पुरानो कुला, पानी मुहानको संरक्षण तथा संवर्द्धन गर्दै सिंचाईको व्यवस्थापन र सञ्चालनका लागि डिभिजन कार्यालय, संघ र प्रदेश सरकारसँग निरन्तर समन्वय गरिने छ ।

**सूचना तथा संचार प्रविधि**

- **गाउँपालिका तथा वडाबाट प्रदान गरिने सेवा,सुविधा तथा जानकारीको बारेमा वडा र गाउँपालिकाको फेसबुक पेज,च्याटबट र वबसाइट मार्फत जानकरी गराइने छ।**
- गाउँपालिका तथा वडाबाट सम्पादन हुने काम अनलाईन प्रणालीबाट प्रदान गरिने व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक, प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु लगायत गाउँपालिकाबाट प्रवाह हुने सेवाका विषयमा आम नागरिकलाई सूसुचित गर्न सञ्चार माध्यमसँग प्रचार प्रसार गरिने छ।

**सामाजिक सुरक्षा तथा पंजिकरण सेवा**

- व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि व्यक्तिगत घटनाहरु ३५ दिन भित्र अनिवार्य रुपमा दर्ता गर्नको लागि सचेतना कार्यक्रम संचालन गर्दै लगिने छ भने विभिन्न सञ्चार माध्यमबाट सूचना प्रबाह गरिने छ ।
- सञ्चार र पहुँच अभियानद्वारा सामाजिक सुरक्षा भत्ता भुक्तानी तथा घटना दर्ताको महत्व र उपादेयता बारे जानकारी गराई नागरिकको सहभागिता बढाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा लक्षित वर्ग अशक्त, अपाङ्गता भएका तथा भौगोलिक विकटताका कारण बैंक पहुँच नभएका वडाहरुमा स्थलगत वितरणमा सहजीकरण गरिनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्र र उद्योग बाणिज्य**

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

- सहकारी संस्थाहरुको सुदृढिकरण, विकास र प्रवर्द्धनका लागि नियमन, निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाईनेछ।साना किसानहरु र कम आयस्तर रहेका नागरिकहरु आबद्ध रहेको सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक पहल गरिने छ।
- स्थानीय सरकार, निजी क्षेत्र र सहकारीबीचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामुलक उद्योग व्यवसाय स्थापना गर्न पहल गर्दै लगिने छ।
- वित्तीय साक्षरता सम्बन्धि कार्यक्रम संचालनको लागि वित्तीय संस्थासँग सहकार्यलाई निरन्तरता दिइने छ।

**उद्योग वाणिज्य**

- **गाउँपालिकाको आयस्तर बृद्धि गर्न** साना तथा मझौला उद्योग प्रवर्द्धन तथा स्थापना गर्न उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ।
- व्यवसायीहरुलाई व्यावसायिक र सामाजिक उत्तरदायित्व प्रति प्रतिबद्ध भई गाउँपालिकाको समग्र विकासमा सहभागी हुन प्रेरीत गरिनेछ।
- गाउँपालिकाको आन्तरिक श्रोतलाई टेवा पुग्ने गरि खानेपानी प्रशोधन, काष्ठ उद्योग, पशु व्यवसायलाईलाई गुणस्तर दाना उत्पादन उद्योग, जडिबुटि प्रशोधन जस्ता उद्योगको लागि आवश्यक प्रबन्ध मिलाईनेछ।
- गाउँपालिकामा बसोवास गर्नु हुने इच्छुक कृषक र व्यवसायीहरुले व्यवसाय संचालन गर्न चाहेमा बित्तीय संस्थाहरुसँग समन्वय गरी गाउँपालिकासँग सम्झौता गरी सहुलियत व्याजदरमा कर्जाको व्यवस्थापन गर्न सहयोग गरिने छ।

सभाका सदस्यज्यूहरु

अन्त्यमा,

नेचासल्यान गाउँपालिकको समग्र विकास,संमृद्धि र सुशासनका लागि प्रस्तुत नीति तथा कार्यक्रमले समेटेको विषय कार्यान्वयन गर्नु सबैभन्दा महत्वपूर्ण हुनेछ। प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा स्थानीय स्तरको आवश्यकता, स्थानीयको माग र आवश्यकतालाई समेट्न प्रयास गरिएको छ । यस नीति तथा कार्यक्रम तर्जुमामा राय सुझाव दिनुहुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, विभिन्न राजनितिक दल, नागरिक समाज, शैक्षिक क्षेत्र, विभिन्न संघसस्था लगायतका सामुदायिक र निजी क्षेत्र एवं देश विदेशमा रहनुभएका समस्त नेचासल्यानबासीहरु प्रति धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तर्जुमा गर्न अहोरात्र खटिइ सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिज्यू र राष्ट्रसेवक कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा आम नेचासल्यानवासी दाजु, भाइ, दिदीबहिनीहरुको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

नेचासल्यान गाउँपालिका

मिति २०८३असार १० गते

नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल